# संवत् ४०७ को विमल संघको शिवलिङ्ग र त्यसमा अंकित दुरूस्त अभिलेख

– श्याम सुन्दर राजवंशी

| | | |
|---|---|---|
| अभिलेख प्राप्त भएको स्थान | : | देवपाटन स्थित रत्नेश्वर शिवलिङ्गदेखि पूर्वपट्टि पुरिएको जमीनबाट |
| फेला परेको समय | : | वि.सं. २०५७ बैशाख |
| अंकित मिति | : | संवत् ४०७ आषाढ शुक्ल प्रतिपदा |
| भाषा | : | संस्कृत |
| लिपि | : | पूर्व लिच्छवि |

**सन्दर्भ-**

(१) गोरखापत्र दैनिक मिति २०५७/१/३० मा समाचारको रूपमा प्रकाशित

(२) गोरखापत्र दैनिक मिति २०५७/२/७ मा प्रतिक्रियाको रूपमा सम्पादकीय चिठी प्रकाशित

(३) Rolamba को Millennium Issue Vol 20 Jan-June 2000 Page 180

(४) The Brick and the Bull (An account of Handigaun, the ancient capital of Nepal- S.R. Tiwari, chapter 16 page 146.

देवपाटन स्थित प्रसिद्ध दक्षिणामूर्तिको मन्दिरदेखि पश्चिमतर्फ उकालो लाग्दै गएपछि बाटोको बायाँपट्टि रत्नेश्वर (रत्न संघ) को शिवलिङ्ग रहेको ठाउँमा पुगिन्छ । यही शिवलिङ्गको पूर्वतर्फ शारदा अधिकारीको जग्गामा घर निर्माण हुँदा जगबाट लिच्छविकालीन अभिलेखयुक्त शिवलिङ्ग भेट्टिएको थियो । त्यस शिवलिङ्गलाई रत्नेश्वर शिवलिङ्ग कै समीपमा सुरक्षित साथ स्थापना गरिएको छ । त्यहाँ रहेका ती दुई लिच्छविकालीन शिवलिङ्गमध्ये पहिलो गोलो तथा ठूलो वृत्ताकार जलहरि भएको शिवलिङ्ग रत्नेश्वर हो । रत्नेश्वर भन्नुको तात्पर्य रतनसंघले राखेको शिवलिङ्ग भएर हो । पछि भेट्टिएको दोस्रो शिवलिङ्गलाई विमलेश्वर पनि भन्न सक्दछौं किनभने सो शिवलिङ्ग चाहिँ विमलसंघको हो र यो रत्नेश्वर जस्तै गोलो आकारको नभई चारपाटे वर्गाकारको छ ।

विमलसंघको शिवलिङ्गमा अंकित लिच्छविकालीन अभिलेख अप्रकाशित भएकोले गोरखापत्र दैनिकमा समाचारको रूपमा सर्वप्रथम पुरातत्त्व विभाग मार्फत छापियो ।[१] यसको लगत्तै केही दिनपछि सोही अभिलेखको सन्दर्भमा गोरखापत्र दैनिकको भित्री पृष्ठमा सम्पादकलाई चिठीको रूपमा एउटा प्रतिक्रिया छापियो ।[२] तर त्यो प्रतिक्रियाबाट वास्तविक इतिहास नै अत्यन्त भ्रामक, अविश्वसनीय एवं मनगढन्ते कुराले प्रश्रय पाउने हो कि भन्ने जस्तो र असामञ्जस्यको

स्थिति नै उत्पन्न हुने देखिएकोले विमल संघको अभिलेखको दुरूस्त पाठको नितान्त जरूरी देखियो । त्यसैले Rolamba को Millennium Issue मा सो अभिलेखको पाठ तथा छापा तुरून्तै छपाइयो ।[३] त्यस वावजुद पनि हालै प्रकाशित भई सार्वजनिक भएको "The Brick & The Bull" नामक पुस्तकबाट नभन्दै मनगढन्ते कथाले नै नेपालको वास्तविक इतिहास हो भन्दै प्रश्रय पाएको देख्दा विद्वत् जगत नै आश्चर्यमा परेको छ ।[४]

विमल संघको शिवलिङ्ग भेटिएको स्थानको ख्याति सो भन्दा अघिदेखि कायम रहेको प्रमाण सोही आसपास संवत् ३९९ को रत्नेश्वर तथा संवत् ४०२ को प्रभुकेश्वरको शिवलिङ्ग विद्यमान रहेबाट नै सिद्ध भइसकेको छ । तसर्थ संवत् ४०७ को शिवलिङ्गको अस्तित्व रहनु अगावैको यी दुई शिवलिङ्गलाई छाड्न मिल्दैन । भनाइको मतलब जसरी रत्नसंघ र प्रभुसंघको शिवलिङ्ग स्थापना हुन गयो सोही तरिकाले नै विमल संघको पनि शिवलिङ्ग स्थापना हुन गएको थियो भन्नुमा कुनै शंका उपशंका गर्नुपर्ने देखिन्न । अभिलेखमा स्पष्ट नै भनिएको छ- सार्थवाह सुतेनात्रिले भगवान्को स्थापना गरे र विमल संघले आयस्ताको लागि भूमिहरू राखिदिए । यसको पुण्यले राजाको समेत पुण्य बढोस् भनिएवाट मानदेवले यो स्थापना गरेको हो भन्नु सर्वथा गलत हुन जान्छ र मानदेव स्वयंले यो शिवलिङ्ग स्थापना गरेको भए अभिलेखमा आफूलाई श्री मानदेव तथा राजाको पुण्य वृद्धि होस् भनी किन लेखाए ? भन्ने प्रश्नको चित्तबुझ्दो जवाफ खोज्नुपर्ने हुन्छ ।

## अभिलेख पाठको स्वरूप-

विमल संघको शिवलिङ्गको जलहरि पीठको बायाँ पाटामा जम्मा ६ हरफ पंक्तिवद्ध रूपमा अक्षर कुँदिएका छन् ती मध्ये पहिलो पंक्तिको अन्तिममा केही थप शब्द तलतिर छड्के पारी कुँदिएका छन् । अक्षर कुँदिएको भागको मात्र नाप लिंदा जम्मा ९२ से.मी. लम्बाई र १७.५ से.मी. चौडाई रहेको छ । अक्षरहरूको सरदर गोलाई १ से.मी. छन् भने सबभन्दा सानो अक्षर दोस्रो पंक्तिको चक्रम् भन्ने शब्दको "च" अक्षर र सबभन्दा ठूलो अक्षर चौथो पंक्तिको "भक्त्या विमल संघेन" को "त्या" संयुक्त अक्षर छ ।

कुँदिएका ६ पंक्ति अभिलेखका सम्पूर्ण अक्षरहरू केलाई हेरियो भने पहिलो पंक्तिमा तलतिर छड्के गरी कुँदिएको १२ अक्षर समेत जम्मा ६७ वटा अक्षर छन् जसमध्ये ४७ औं अक्षरदेखिका अक्षरहरू फुटेर अस्पष्ट जस्तो देखिन्छन् । त्यस्तै गरि दोस्रो पंक्तिमा जम्मा ५७ अक्षरमध्ये ३५ र ३६ तथा ५७ औं अक्षर फुटेको हुँदा सग्ला नभए तापनि नबुझिने किसिमको भने छैनन् । तेस्रो पंक्तिमा जम्मा ५० वटा अक्षर छन् ती मध्ये ३८ औं देखि ४२ औं अक्षरमा "सार्थवाह सुतेनात्रि" भनिएको ठाउँमा अलि अस्पष्ट छन् । चौथो पंक्तिमा जम्मा ४३ अक्षर छन् । जसमध्ये २८ औं देखि ३५ औं अक्षरमा "राज्ञ पाद प्रसादत": भनिएको ठाउँमा केही अस्पष्ट जस्तो देखिन्छ । छैठौं पंक्तिमा जम्मा ३५ वटा अक्षर छन् ती सबै अक्षर सग्ला एवं स्पष्ट छन् । यस प्रकार कुनै-कुनै अक्षर फुटी सकेको भए तापनि पढ्नै नसकिने र नबुझिने भने छैनन् ।

## अभिलेख पाठमा चर्चेका विषयवस्तुहरू-

१) शिवलिङ्ग स्थापना भएको मिति संवत् ४०७ आषाढ शुक्ल प्रतिपदा हो ।

२) सार्थवाह सुतेनात्रिले भगवान् (शिवलिङ्ग) को स्थापना गराए ।

३) सुवर्णदान सहित विसर्जन संकल्प गर्ने कार्य पुरोहित केदारद्वारा गराइयो ।

४) राजाको अनुकम्पा पाएर विमल संघद्वारा ५८० भूमि प्रदान गरियो ।

५) वोशिङ ग्राम (वोसिगाउँ), दयितापल्लि प्रदेश, थेम्मृङ ग्राम भन्ने तीन ठाउँको नाम उल्लेख आएको छ ।

६) शिलालेखको शुरूमा तिथिमिति तथा मंगलाचरण स्तुति श्लोक दिइएको छ । श्लोकको अघिल्लो दुई पाउ इन्द्रवज्रा छन्दले छन्दोवद्ध गरिएको र पछिल्लो दुई पाउ उपेन्द्रवज्रा छन्दले छन्दोवद्ध गरिएको छ ।

७) स्वाभाविक रूपले राजाको (मानदेवको) हित कल्याण र पुण्य वृद्धिको कामना गरिएको छ ।

### अभिलेखको मूल पाठ[४]-

पंक्ति १ – संवत् ४०७ आषाढ मासे शुक्ल पक्ष दिवसे प्रतिपदि निर्द्दन्तकौ नाम गणो नियोगाद्देवाति देवस्य महेश्वरस्य सन्तप्त जाम्बुनद (सि छ वनम् कुलभि जज्ञ भुवि लिच्छवीनाम्)

पंक्ति २ – दछ्ययतो यो नव किष्कुमत्रा धात्रानि सृष्टो जगतो हिताय यस्योरसो दक्षिण तश्च चक्कम् फिर्ण्णं सुरैर्द्दत्तंमती वा भति - २ यो विप्र केदार मुखेस्व

पंक्ति ३ – हिरण्य वृष्टि विर्सजत्यानल्पाम् पुण्याय तस्योत्तम पुण्य कीर्ति : श्री मानदेवस्य हिताय चैव - ३ सार्त्थवाह (सुतेनात्रि) संसार भय भीरूणा

पंक्ति ४ – दु:ख त्रय निवृत्यर्त्थम् भूपते: पुण्य वृद्धये भगवां स्थापित: सम्यक - ४ राज्ञ पाद प्रसादत: भक्त्या विमल सङ्घेन

पंक्ति ५ – सर्व्वलोक शिव: शिव: क्षेत्रं यथा वोशिङ्गाम दक्षिण प्रदेशे शतद्वयस्य भूमि: २०० भूय तत्रैव पञ्चाशतो भूमि ५० दयितापल्लि प्रदेशे

पंक्ति ६ – असीतेर्भूमि: ८० थेम्मृङग्राम पूर्व्व प्रदेशे शतद्वयस्य भूमि: २०० भूय तत्रैव पञ्चाशतो भूमि ५०

(यहाँ Rolamba को Millenium Issue मा छापिएको पाठलाई सामान्य सुधार गरी प्रस्तुत गरिएको छ ।

### अभिलेख पाठको भावार्थ-

मिति संवत् ४०७ आषाढ महिना शुक्ल पक्ष प्रतिपदा तिथिको दिनमा निर्दन्तक- जो (पशुहरूको नायक) नाम कहलिएको गणहरूको अधिपति देवाधिदेव महादेव (महेश्वर) प्राणीहरूको पालक हुनुहुन्छ । दु:खीहरू जसरी धतुरोको वन (जाम्वुनद) वनमा पुग्दा सान्त्वना मिल्छ । त्यसैगरि लिच्छविहरू यज्ञलाई आफ्नो कुलको धर्म मानि र कुविचार हटाउने कामको लागि श्रय पाएको छ ।

ब्रम्हाले सृष्टि गरेका जगत्को हितको लागि चक्र झैं घुमि रहेको यस संसारमा सबैको हृदयमा सदासर्वदा सुविचार उत्पत्ति भई मति सुधियोस् । पुण्य लाभ गर्न पुरोहित केदारको मुखबाट वाक्य संकल्प गराई सुवर्ण दान सहित अनुष्ठान विसर्जन गराइयो । यसको पुण्य कीर्तिले श्री मानदेवको समेत हित कल्याण गरून् ।

सांसारिक दु:ख भय त्रिदोषहरू निवारण गरी राजाको पुण्य अभिवृद्धि गर्न सार्थवाह सुतेनात्रिले भगवान् (शिवलिङ्ग) को स्थापना गराए । राजाको अपार अनुकम्पा पाएर आफ्नो इहलोक परलोकमा शिवशिवत्व प्राप्त होओस् भनी कामना गर्दै भक्त विमल संघबाट भूमि प्रदान गरियो । ती भूमि यस प्रकार छ-

वोशिङ्गाम भन्दा दक्षिणपट्टि रहेको प्रदेशको २०० भूमि तथा फेरि त्यसैको पुन: ५० भूमि तथा दयिता पल्लि प्रदेशको असी ८० भूमि र थेम्मृङ ग्रामको पूर्व्वपट्टि रहेको २०० भूमि पुन: त्यसैको ५० भूमि ॥

### गणना

यस अभिलेखमा अंकित मितिमा संवत् ४०७ आषाढ शुक्ल प्रतिपदा तिथिमात्र उल्लेख छ । तर बार उल्लेख नभएको हुँदा वार गणना गर्न सकिन्छ । यसलाई इस्वी सन्मा परिणत गर्दा तारिख समेत जानी राख्न उपयुक्त हुन्छ र इतिहासको लागि त्यसको बेग्लै महत्त्व राख्दछ । तसर्थ बार तथा तारिख गणना गर्दा इस्वी सन् ४८४ जून १३ तारिख मंगलबार आएको छ ।

अभिलेखमा अंकित संवत् ४०७ लिच्छवि संवत् भएकोले शक संवत्मा परिणत गर्दा कार्तिकादि लिच्छवि संवत् र चैत्रादि शक संवत्को अन्तरलाई ख्याल राख्नुपर्छ । कार्त्तिकदेखि फागुनसम्मको मितिमा भए २ घटाउनु पर्नेछ भने चैत्रदेखि आश्वीनसम्मको मितिमा भए १ मात्र घटाउनु पर्छ । किनभने लिच्छवि संवत् शक संवत् भन्दा १ वर्ष ५ महिना अघि आरम्भ भएको हो । यस कुराको प्रतिपादन मेरो लिच्छविकालीन संवत्को निश्चय नामक पुस्तकमा भइसकेको छ ।

### पाद टिप्पणी-

१. घरको जग खन्दा लिच्छविकालको अभिलेख फेला:- काठमाडौं, वैशाख २९ गते । पशुपति क्षेत्र देउपाटन

स्थित रत्नेश्वर शिवलिङ्ग नजिकै घर निर्माणको क्रममा शिवलिङ्ग सहित लिच्छविकालीन अभिलेख फेला परेको पुरातत्त्व विभागले जनाएको छ । स्थानीय जग्गाधनी शारदा अधिकारीले आफ्नो घर निर्माणको क्रममा जग खन्दा फेलापारेको सो अभिलेख नेपालको प्राचीन इतिहास सम्बन्धी थप जानकारी पाउन उपयोगी हुने देखिन्छ । सो शिवलिङ्गलाई त्यहींको रत्नेश्वर शिवलिङ्गसंग स्थापना गरिएको शिवलिङ्गको जलहरि चारकुने आकारको छ र त्यसको बायाँपट्टिको बाटोमा ६ हरफमा पूर्व लिच्छवी लिपिले कुँदिएको छ । अभिलेख कुँदिएको भागको लम्बाई ९६ से.मी. र चौडाई ३० से.मी. रहेको छ । वि.सं. ५४१ पनि आउने अभिलेखको प्रारम्भमा सम्वत् ४०७ आषाढ शुक्ल प्रतिपदा उल्लेख भएको र अभिलेखमा राजा मानदेवको नाम पनि उल्लेख छ । सो अभिलेखमा वोशिङग्राम, दायितापल्लि प्रदेश, थेम्मृङ्ग्राम जस्ता ठाउँहरूको नाम पहिलो पटक देखापरेको छ । वोशिङग्राम भन्नाले हालको वोडे, (दयिता) पल्लि प्रदेश त्यही निकटकै एक ठाउँ र थेम्मृङग्राम हालको थिमी हुन् भन्नेमा सन्देह नरहेको विभागले जनाएको छ । अभिलेखको मुख्य विषयमा तात्कालिक एक सार्थवाह (व्यापारीहरूको नाइके) ले आफू एवं राजाको पुण्य अभिवृद्धिको कामना गरी शिवलिङ्ग स्थापना गरेको र शिवलिङ्गको आयस्ताको लागि विभिन्न ठाउँका भूमिहरू प्रदान गरिएको उल्लेख गरिएको छ ।

रासस (गोरखापत्र बैशाख ३०, २०५७)

२. प्रतिक्रिया:- बैशाख ३ गते उत्खनित अभिलेख सहितको शिवलिङ्ग २७ दिनपछि राससका लागि समाचार बन्न पुगेको छ र गोरखापत्रमा वैशाख ३० गते प्रकाशित भएको छ । पुरातत्त्व विभागको हवाला दिई राससद्वारा वितरित खबरको मूल कुराहरू गलत तथा भ्रामक भएको मेरो पूर्व लिच्छवि लिपि तथा संस्कृत भाषाको सीमित दख्खल मात्रको आधारमा समेत स्पष्ट देखिएको हुनाले यो पत्र लेखिएको हो । सो अभिलेख सहितको शिवलिङ्ग कुनै सार्थवाह वा व्यापारीले राखेको नभई महेश्वर राजा धम्मर देवका छोरा मानदेवले स्थापना गरेका हुन् भन्ने कुरा अभिलेखमै उल्लेखित छ । शिलालेखमा ६ सोझो हरफका साथ एक थप पंक्ति तेर्सो पारी कुँदिएको छ । अभिलेखको व्यहोरा यस्तो अर्थको हुन्छ- जल्लादको भाग वन्न गएका दिवंगत महेश्वर धम्मर देवको पुण्यतिथि आषाढ शुक्ल प्रतिपदा सम्वत् ४०७ मा दु:खित राजा मानदेव नौकुण्डमा घ्यूपात्रहरू राखी काटिएको देहको उद्धार गर्न १०० चक्र दक्षिणा (अर्पण गर्छन्) ज्योतिषाचार्यको राय तथा केदार नाम गरेको बाहुनको रायबाट अन्धो भएर आफैले काटेपछि रगत बग्दा झरेको टाउकोमा तिमीलाई देखें अब तिमीलाई पाऊँ (हेरुँ) कहाँ ? श्री मानदेवको मनको देव । सत्य उजागर गर्ने इच्छा तथा सबैको डर, रिस र दु:ख तीनवटै हटाउनको लागि साथै राजाहरूको समझ वढाउन र भविष्यमा फेरि कुरा नदोहोऱ्याउन आमा राज्यवतीले दिएकी निर्मल भक्ति रूपमा सबै लोकमा शिव:शिव: जग्गा ठुमैशिध् ग्रामको दक्षिण प्रदेशमा २०० रोपनी आयस्ता १०० । तसर्थ शिलालेखबाट मानदेवले आफ्नो बाबुलाई काटेका थिए भन्ने कथा सत्य भएको स्पष्ट पार्दछ । यो कार्य ज्योतिषाचार्य तथा राजपुरेतहरूले गराएका थिए । - सुदर्शन राज तिवारी, पुल्चोक क्याम्पस । (गोरखापत्र, जेष्ठ ७, २०५७) ।

३. देवपाटनको विमल संघको अभिलेख

मूलपाठ - संवत् ४०७ आषाढ मासे शुक्ल पक्ष दिवसे प्रतिपदि

निर्द्दन्तको नाम गणो नियोगाद्देवाति देवस्य महेश्वरस्य सन्तप्त जाम्वुनद सिछवनम् (कुलादि) जज्ञ भुवि लिच्छवीनाम्

दछ्रायताया नव किष्कुमात्रा धात्रानि सृष्टो जगतो हिताय - १

यस्यो रसो दक्षिण तश्च चक्रम् चिर्ण्णं सुरैर्द्दत्तमतीव भति - २

यो वि प्रकटर मुखेस्व तीक्ष्णम् हिरण्या वृष्टि विसृजत्यानल्पाम्

पुण्याय तस्योत्तम पुण्य कीर्ति श्रीमानदेवस्य हिताय चैव - ३

सार्थवाह स्वतेनात्रि संसार भय भीरुणा दुखेत्रय निवृत्यर्थम् भूपते: पुण्य वृद्धये भगवां स्थापित: सम्यक - ४

राज्ञ : पाद प्रसादत भकत्या विमल सङ्घेन सर्वलोक शिव: शिव:

क्षेत्र यथा वोशिङ्ग्राम दक्षिण प्रदेशे शतद्वयस्य भूमि २००

भूय तत्रैव पञ्चाशतो भूमि ५० दयिता पल्लि प्रदेशे अशीते भूमि ८० थेम्मृङग्राम पूर्व प्रदेशे शतद्वयस्य भूमि २००

तत्रैव पञ्चाशतो भूमि ५० ॥

Rolamba, Millennium Issue Page 180

४. On the first day of the bright fortnight of Asadha 407 Sambat, king Dharma Dev, whose body had been made a share of these who light the funeral pyre king Mandev (The Lichchhavi who had taken to the role of deer in a forest), still in pain, in order to enable the passage of the cut body to the heavens offered here, as a closing ritual one hundred coins in the auspicious ghee-filled patras placed in the nine pits. As advised by the priest kedar, himself guided by the opinion given by the astrologers. I slew you as your headless body was seen in the rain of blood, alas the lord of the heart of Sri Mandev will not be seen anywhere anymore ! As the truth is revealed, this (ritual) has been made for the relief of all the three dukha: fear anger, and pain. This clarification is also made to seek the understanding of the resent kings and those of the future. With the heartfelt and ansullied love bestowed by (my mother) Rajyavati this Siva (will become) Siva of all the lokas. A grant of land, to the south of Thumaishingrama 250 bhumi royal land of 80 bhumi at Mayatapalli 250 bhumi to the east of Thempringrama (is here by made).

(The Brick and the Bull, Page 138–139)


५. The Brick and the Bull नामक पुस्तकको पृष्ठ १४६ मा पुस्तकका लेखक श्री सुदर्शन राज तिवारीले पढ्नु भएको पाठ यसरी छ ।


Sambat 407 Asadhamase Sukla Pakhsye Divase Pratipadi Nirda hantile Nama Bhavehaniye Dharmaddevtridevsya Mahesvorasya santam Ragnyammanadev (chhri vanam mrignya Bhuvi Lichchhavinam) (1) Daxaya Toya Navakrisku Patra Ghritnisristho Jagatodhitaya yasyaraso Daxinata 100 chakkram. (2) Vignyesvorairddatta Mativasatim vipra kedarmate svatixam drirasyavristhi visrijatyan tham Pasyayatasyattama Pasyorkattaih Srimanadevsya chitaya dev (3) Sarta chhavadrasvotenya sansara Bhayabhirustha Dukhe traya Nivrityar tham. (4) Bhupateh pasyavridhdaye Bhabavamschapituvamasyam (5) Rajyavatya sadatah Bhaktya Vimala Sajmamana Sarvvaloka Sivah Sivah ........................ etc.

उहाँले पढ्नु भएको अभिलेखको पाठ कति शुद्ध कति अशुद्ध भन्ने कुरा लिपि पढ्न जान्ने सामान्य ज्ञाताहरूले पनि छुट्याउन सक्छन् भने अंग्रेजीमा शिलालेखको transliteration गर्दा पनि प्राविधिक दक्षता प्रयोग गर्नसक्नु भएन । आश्चर्यको कुरो त यो हो कि अभिलेखको व्याख्या गराइमा पनि उहाँले आफूलाई मनलागे जस्तो मनोमानी ढंगले गर्नुभयो । त्यो उहाँको खुसी हो । तर अभिलेखमा उल्लेखै नभएको शब्द कल्पना गरी पाठ पढ्नु भने बिल्कुल उचित भएन ।



शिलालेखको छाप फोटो





संवत ४०७



आषाढ मासे शुक्ल पक्ष दिवसे प्रतिपदि




निद्दंन्तकौ नाम गणो




नियोगाद्देवाति देवस्य महेश्वरस्य



सन्तप्त जाम्बुनद सि छ वनम्



कुलभि जज्ञ भुवि लिच्छवीनाम्



दछ्र्यतो यो नव किष्कुमात्रा



धात्रानि सृष्टो जगतो हिताय



यस्योरसो दक्षिण तश्च चक्कृम्



फिर्ण्ण सुरैर्द्दत्तंमती वा भति २



यो विप्र केदार मुखेस्व भीक्ष्णाम्



हिरण्य दृष्टि विसृज तयान ल्याम्



पुण्याय तस्योत्तम पुण्य कीर्ति :



श्री मानदेवस्य हिताय चैव - ३



सार्थवाह सुतेनात्रि




संसार भय भीरुणा



दु:ख त्रय निवृत्यर्त्थम्




भूपते: पुण्य वृद्धये




भगवां स्थापित: सम्यक ४



राज्ञ पाद प्रसादत:



भक्त्या विमल सङ्घेन




सर्व्वलोक शिव: शिव:



क्षेत्रं यथा वोशिङ्ग्राम दक्षिण




प्रदेशे                शतद्वयस्य                भूमि: २००




भूय तत्रैव पञ्चाशतो भूमि ५०



दयितापल्लि प्रदेशे



असीतेर्भूमि : ८० थेम्मृङग्राम



पूर्व्व प्रदेशे शतद्वयस्य भूमि: २००



भूय तत्रैव पञ्चाशतो भूमि ५०